गेरुवा गाउँपालिका उपाध्यक्ष

श्री लक्ष्मी कुमारी चौधरी द्वारा

गेरुवा गाउँसभाको १८ औं अधिवेशनको तेस्रो बैठकमा

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को आय/व्यय अनुमानको बजेट बक्तव्य

गेरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर बर्दिया।

मिति २०८२ असार १० गते मंगलबार

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम गेरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले गेरुवा गाउँ सभाको १८ औं अधिवेशनको तेस्रो बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को आय/व्ययको अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। हालसम्मको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै गेरुवा वासी नागरिकको समुन्नत विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षालाई सम्बोधन गर्ने मूल उद्देश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

सर्वप्रथम, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा नागरिकको अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमुल परिवर्तनका लागि भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जिवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च श्रद्धाभावका साथै गेरुवा गाउँकार्यपालिकाका कार्यपालिका एवं सभा सदस्य श्री इश्वर बहादुर विश्वकर्माको असामायिक निधन प्रति गहिरो शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

- संविधानमा उल्लेखित संघीय प्रणालिमा राज्यको आर्थिक नीति, निर्देशक सिद्धान्त, लुम्विनी प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य, स्थानीय सरकारको मर्म तथा गेरुवा गाउँवासीको मर्म, भावना, माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संस्था र व्यक्तिहरुको सुझाव र उपलब्ध सीमित साधन स्रोतको अधिकतम प्रयोग हुने गरी यो बजेट तयार गरेको छु।
- गाउँपालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तथापि भरसक संविधानको परिधिभित्र रहेर गाउँपालिकाको आधारभूत तहको विकासमा टेवा पुग्ने र गेरुवाबासी जनताको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।
- योजना विना गाउँको विकास सम्भव नहुने हुँदा गाउँपालिकाको दीर्घकालीन विकासको लागि तय गरीएको पाँच वर्षे आवधिक योजना, यातायात तथा पूर्वाधार विकास गुरुयोजना, भू-उपयोग नक्शाङ्कन र ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका आधारमा

क्रमागत आयोजनाका रुपमा सञ्चालन गर्ने नीतिलाई आत्मसाथ गर्दै बजेटको सुनिश्चित्ता गरेको छु।

- आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीलाई सम्वोधन गर्ने क्रममा गाउँपालिका वासीका जनआकाँक्षालाई संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमहरुसँग समन्वय र साझेदारीमा समेत अगाडी बढ्ने गरी बजेटलाई परिलक्षित गरेको छु।
- "समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार" मूल नारालाई आत्मसात गर्दै सुन्दर, समुन्नत र समृद्ध गेरुवा गाउँपालिका निर्माणका लागि हामीले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटलाई अभिमुख गरेका छौं।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**गाउँसभा सदस्य ज्यूहरु,**

गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा लिईएका आधारहरु यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्ष २०८२/०८३ को योजना तथा कार्यक्रमहरु तयार गर्दा निम्न बमोजिमको आधारहरु लिइएको छ।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८
- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७
- संघ तथा प्रदेश सरकारको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम
- गेरुवा गाउँपालिकाको १८ औं गाउँसभाबाट पारित आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम
- संघ तथा प्रदेशबाट प्राप्त भएका अनुदान तथा राजश्व
- गेरुवा गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिवद्धता
- गाउँपालिकाको आन्तरिक स्रोत साधनहरु
- सोह्रौं योजना र दिगो विकासको लक्ष्य

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

संशोधन सहित चालु आर्थिक वर्ष २०८१/०८२ को लागि चालु तर्फ ३९ करोड ५४ लाख ६८ हजार ४ सय ७४ रुपैयाँ र पूँजिगत तर्फ १७ करोड २७ लाख २९ हजार ४ सय ५० रुपैयाँ गरी जम्मा ५७ करोड ११ लाख १७ हजार ९ सय २४ व्यय अनुमान रहेकोमा,

२०८२ असार ९ गतेसम्म चालु तर्फ २८ करोड ६५ लाख ६३ हजार ५ सय ६९ रुपैयाँ प्रगति देखिएको छ, जुन कूल चालु बजेटको ७२ प्रतिशत हुन आउँछ। त्यसैगरी पूँजिगत खर्च तर्फ ७ करोड ९६ लाख १३ हजार ५ सय ९३ रुपैयाँ प्रगति देखिएको छ, जुन कुल पूँजिगत बजेटको ४६ प्रतिशत हुन आउँछ। यस प्रकार असार ९ गतेसम्म कुल ३६ करोड ६१ लाख ७७ हजार १ सय ६२ रुपैयाँ खर्च भएको छ, जुन कुल बजेटको ६४.१ प्रतिशत खर्च हुन आउँछ।

**अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- ❖ आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष योगदान।
- ❖ स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग।
- ❖ लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि।
- ❖ दिगो विकास, वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन।
- ❖ सुशासन तथा संस्थागत, प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाह।
- ❖ स्वरोजगारको माध्यमबाट गरिवी न्युनिकरणमा योगदान दिने।
- ❖ स्थानीय कला संस्कृति तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा पर्यटन विकास कार्यक्रम।
- ❖ फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई।
- ❖ व्यवसाय तथा उत्पादनमुलक कृषि तथा पशु विकास कार्यक्रम।
- ❖ दलित, आदिवासी जनजाती तथा विभिन्न समुदायको उत्थानको कार्यक्रम।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

❖ **पूर्वाधार विकास समिति तर्फ -**

- बहुवर्षीय रुपमा संचालनमा रहेका विभिन्न योजनाहरु आ.व.२०८२/०८३ मा सम्पन्न गर्नको लागि क्रमागत योजना शिर्षकमा रु. ५ करोड ८० लाख ८६ हजार ८ सय बिनियोजन गरेको छु।जस अन्तरगत बनकट्टी मन्दिर देखि लोहारपुर जाने बाटो स्तरउन्नती कार्य सम्पन्न गर्न रु. १ करोड ३२ लाख बिनियोजन गरेको छु।त्यसैगरी सतमोहरी देखि बुढीकुलो करिडोर हुँदै खोल्टी बजार जोड्ने सडक कालोपत्रे र खोनपुर समुह घरदेखि मैनापोखर सडक कालोपत्रे निर्माणका लागि रु.१ करोड ६४ लाख बिनियोजन गरेको छु। एक प्रिय भैरमपुर जोड्ने सडक र शान्तिबजार लोहारपुर जोड्ने सडक कालोपत्रे निर्माण सम्पन्न गर्न रु.९० लाख बिनियोजन गरेको छु।मैलानाला विजय पुनको घर नजिक राजापुर जोड्ने पुल निर्माणको लागि रु.३० लाख विनियोजन गरेको छु। र अन्य विविध योजनाहरु कार्यान्वयनको लागि रु. १ करोड ५२ लाख ६६ हजार ८ सय विनियोजन गरेको छु।
- संघ र प्रदेश संग सहकार्य गर्न विभिन्न योजनाहरुको लागि समपुरक म्याचिङ शिर्षक अन्तरगत रु.२ करोड २६ लाख विनियोजन गरेको छु।खुटेहना देखि भैरमपुर, प्रशेनी देखि बेलभरिया हुँदै राजापुर ५ जोड्ने सडक र भट्टराई चोकदेखि राजापुर जोडीसिमलसम्म सडक कालोपत्रे योजनाको लागि रु.८७ लाख बिनियोजन गरेको छु। त्यसैगरी जितराम थारुको घरदेखि त्रिवेणी चोक ३ नं वडा कार्यालयको बाटो र राधेराधे मिल देखि झोलुङ्गे पुल सम्म सडक कालोपत्रे योजनाको लागि रु.३५ लाख बिनियोजन गरेको छु। भठेरा देखि सरखोल हुँदै बनखेतसम्म छुलछुले घाट देखि उल्टनपुरगाउँ हुँदै राजीपुरसम्म सडक कालोपत्रे योजनाको लागि रु.४० लाख बिनियोजन गरेको छु।
- संघ, प्रदेश लगायत विभिन्न संघ संस्थाहरुसँग सहकार्यमा योजनाहरु अघि बढाउन म्याचिङ कोष शिर्षक अन्तरगत रु.४३ लाख बिनियोजन गरेको छु।
- गेरुवा गाउँपालिकाका अन्तरगतका सम्पुर्ण वडाहरुमा कलभर्ट, वाल, बाटो, सिंचाई कुलो, मन्दिर, शौचालय, कुलो सरसफाई, भवन र उच्च मचान जस्ता विकास निर्माणका नयाँ योजनाहरु संचालनका लागि अन्य योजना शिर्षकमा रु.१ करोड ५८ लाख विनियोजन गरेको छु ।

- संघीय विशेष अनुदान तर्फ गेरुवा गाउँपालिका अन्तरगत सम्पुर्ण वडाहरुमा जङ्गली जनावरबाट प्रभावित विपन्न समुदायहरुको लागि नमूना आवास निर्माणको लागि रु.६९ लाख अनुदान प्राप्त रकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।
- संघ वस्ती विकास कार्यक्रम अन्तरगत उल्टनपुर राजीपुर सडक स्तरउन्नती, हात्तीखल्ला चोक बेलभरिया गौचरण सडक, गणेशपुर झोलुङ्गे पुल मुलपानी सडक, बगहीपुर वडा कार्यालय - सरखोल बनखेत सडक स्तरउन्नतीको लागि प्राप्त भएको रु.१ करोड ९० लाख अनुदान कार्यान्वयनको लागी प्राथमिकता राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।
- प्रदेश शसर्त अन्तरगत झवही देखी जोधिपुर सडक स्तरउन्नतीका लागि रु.४० लाख र विशेष अनुदान तर्फ सरसफाई र शुद्ध खानेपानीको लागि रु.१८ लाख अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

❖ **वडा तर्फ -**

- गाउँपालिकाको वडा तर्फ विभिन्न कार्यक्रम तथा योजनाहरु कार्यान्वयनका लागि रु.१ करोड ७४ लाख ८० हजार विनियोजन गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

❖ **स्वास्थ्य तर्फ -**

- मातृ तथा बाल मृत्युदर घटाउन, मातृ पोषणमा टेवा पुऱ्याउन, स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएका सुत्केरी महिलाहरूलाई पोषण खर्चको लागि रु. २० लाख बिनियोजन गरेको छु।
- सिकलसेल एनेमिया रोकथाम सम्बन्धि सचेतना कार्यक्रम सन्चालनको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।
- बाल मृत्युदर घटाउन खोप तथा पोषण सम्बन्धि गतिबिधि सन्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- छोरीहरूको पोषण स्वास्थ्यमा सुधार ल्याउन **छोरी बचाउ कार्यक्रम** का लागि रु. ७ लाख ५० हजार बिनियोजन गरेको छु।

- नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या लाई न्यूनिकरण गर्ने कार्यक्रम तथा क्रियाकलापको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।
- आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन हुने व्यवस्था संचालन हुने व्यवस्था मिलाएको छु।
- संघीय सरकारबाट प्राप्त शशर्त अनुदान मार्फत संचालित विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै गाउँपालिकाबाट थप रु ८२ लाख विनियोजन गरेको छु।

❖ **शिक्षा तर्फ-**

- सामुदायिक विद्यालयमा संघीय अनुदान तर्फको अपुग दरबन्दीलाई पालिकाबाट थप गरी गाउँपालिका अनुदान तर्फ शिक्षक र कर्मचारी व्यवस्थापनको लागि रु. २ करोड ४४ लाख विनियोजन गरेको छु।
- नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम सामुदायिक विद्यालयको कक्षा १२ सम्मको निशुल्क शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि रु. ५८ लाख ४४ हजार विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा संचालन हुने स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रम संचालन गर्न **एक मा. वि. एक स्टाफ नर्स** कार्यक्रम कार्यान्वयनका लागि रु.२६ लाख विनियोजन गरेको छु।
- **मेरो विद्यालय मेरो दायित्व** अभियानलाई सुरुवात गर्नका लागि रु.४ लाख ५ हजार विनियोजन गरेको छु।
- **पढ्दै कमाउदै** कार्यक्रमलाई कार्यान्वयनका लागि रु.६ लाख विनियोजन गरेको छु।
- गेरुवा बहुमुखी क्याम्पसको शैक्षिक तथा व्यवस्थापकीय खर्चको लागि रु.१६ लाख ९२ हजार विनियोजन गरेको छु।

❖ **कृषि तथा पशु तर्फ-**

- कृषकहरुलाई सरल र सहज तरिकाबाट खेती गर्नका लागि कृषि यान्त्रिकरण कार्यक्रमको लागि रु.२२ लाख ११ हजार विनियोजन गरेको छु।
- गेरुवा गाउँपालिकाको खाद्य सुरक्षा र पोषणको लागि कृषि क्षेत्रको प्रविधिकरण परियोजना अन्तर्गत कोल्ड स्टोर निर्माण, कृषि र पशु सेवा प्रवर्द्धनका संघीय सरकारको रु.२ करोड रकम कार्यान्वयनका लागि व्यवस्था मिलाएको छु।

❖ **लैङ्गिक समानता र सामाजिक समावेशिकरण तर्फ-**

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरुको लागि रु.२९ लाख विनियोजन गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**गाउँसभा सदस्य ज्यूहरु,**

२०८२ साल असार ४ गतेका दिन यस गेरुवा गाउँपालिकाको १८ औं गाउँसभाले पारित गरेको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हकहरु, संघीय सरकार, प्रदेश सरकार र गेरुवा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाले समेत लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.व.२०८२/०८३ को लागि योजना तथा कार्यक्रमहरु संचालन गर्न चालु तर्फ रु. ३९ करोड ८ लाख ३९ हजार  मात्र र पूँजिगत तर्फ रु. २० करोड ३ लाख २७ हजार ८ सय मात्र गरी कुल आय रु. ५९ करोड ११ लाख ६६ हजार ८ सय रुपैया अनुमान गरी विनियोजन गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**
**अब म यस गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को शिर्षगत र श्रोत सहितको अनुमानित कूल आय/व्ययको विवरण प्रस्तुत गर्ने गईरहेको छु।**

**आर्थिक वर्ष २०८२/०८३ को कुल आयको अनुमान**

| **क्र.सं** | **शिर्षक** | **प्रस्तावित आय रु.** |
|---|---|---|
| **१** | **संघीय सरकार तर्फ** | **३८ करोड ४९ लाख** |
| क | संघीय समानिकरण अनुदान | ११ करोड २७ लाख |
| ख | संघीय शसर्त अनुदान –चालु | १९ करोड ५१ लाख |
| ग | संघीय शसर्त अनुदान –पूँजिगत | ३ करोड ५१ लाख |
| घ | संघीय विशेष अनुदान | २ करोड ६९ लाख (चालु - २ करोड, पूजीगत- ६९ लाख) |
| ङ | संघीय समपुरक अनुदान –पूँजिगत | १ करोड ५१ लाख |
| **२** | **प्रदेश सरकार तर्फ** | **२ करोड ४१ लाख ६० हजार** |
| क | **प्रदेश** समानिकरण अनुदान | ७८ लाख ६० हजार |

| | | |
|---|---|---|
| ख | **प्रदेश** शसर्त अनुदान — चालु | प्राप्त नभएको |
| ग | **प्रदेश** शसर्त अनुदान — पूँजिगत | ७० लाख |
| घ | **प्रदेश** विशेष अनुदान | १८ लाख |
| ङ | **प्रदेश** समपुरक अनुदान– पूँजिगत | ७५ लाख |
| **३** | **राजश्व बाँडफाँड** | **१० करोड ५२ लाख ३९ हजार २ सय ५१** |
| क | संघीय सरकार **राजश्व बाँडफाँड** | ९ करोड ७२ लाख ३९ हजार २ सय ५१ |
| ख | प्रदेश सरकार **राजश्व बाँडफाँड** | ४० लाख |
| ग | स्थानीय सरकार **राजश्व बाँडफाँड** | २० लाख |
| **४** | **आन्तरिक स्रोत** | **७ करोड ६८ लाख ६७ हजार ५ सय ४९** |
| क | आन्तरिक आय | १ करोड २२ लाख |
| ख | बैंक मौज्दात | ६ करोड ४६ लाख ६७ हजार ५ सय ४९ |
| **आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त हुने जम्मा आय अनुमान** | | **५९ करोड ११ लाख ६६ हजार ८ सय** |

**आर्थिक वर्ष २०८२/०८३ को कुल व्ययको अनुमान**

| **क्र.सं** | **शिर्षक** | **बजेट सिमा** |
|---|---|---|
| १ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११ करोड ४० लाख |
| २ | विषयगत समितिहरु तर्फ | |
| क | आर्थिक विकास समिति | ६७ लाख |
| ख | सामाजिक विकास समिति | ५ करोड ६६ लाख |
| ग | सुशासन तथा संस्थागत विकास समिति | २२ लाख |
| घ | पूर्वाधार विकास समिति | १० करोड ११ लाख ८६ हजार ८ सय |
| ङ | वातावरण तथा विपद व्यवस्थापन समिति | ४५ लाख |
| ३ | वडा कार्यालयहरु तर्फ | १ करोड ७४ लाख ८० हजार |
| क | वडा नं १ | २८ लाख ८ हजार ७ सय ४० मात्र |
| ख | वडा नं २ | २१ लाख ५५ हजार १ सय ६४ मात्र |
| ग | वडा नं ३ | २४ लाख ३३ हजार २१ रुपैया मात्र |
| घ | वडा नं ४ | २९ लाख १८ हजार ८ सय ३८ मात्र |
| ङ | वडा नं ५ | २८ लाख ६६ हजार ८ सय २७ मात्र |
| च | वडा नं ६ | ४२ लाख ९७ हजार ४ सय १० मात्र |
| ४ | संघीय सरकारको शसर्त अनुदान | २३ करोड ०२ लाख मात्र |
| ५ | संघीय सरकारको विशेष अनुदान | २ करोड ६९ लाख मात्र |

| | | |
|---|---|---|
| ५ | प्रदेश सरकारको शसर्त तथा विशेष अनुदान | ८८ लाख मात्र |
| ६ | संघीय सरकारको समपुरक | १ करोड ५१ लाख |
| ५ | प्रदेश सरकारको समपुरक | ७५ लाख |
| **जम्मा व्यय** | | **५९ करोड ११ लाख ६६ हजार ८ सय** |

उपरोक्तअनुसार, विनियोजित बजेटले गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकबाट पारित नीति तथा कार्यक्रमले तय गरेको लक्ष्यलाई पुरा गर्न सभाका सभाअध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरु, सम्पूर्ण गेरुवावासी जनताको सहभागीतामा र गाउँपालिकाको कर्मचारीहरुको सवल कार्यान्वयनको लागि साथ, सहयोगबाट बजेटको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरेको छु।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**गाउँसभा सदस्य ज्यूहरु**

**अन्त्यमा**

प्रस्तुत बजेट तर्जुमाका क्रममा मागदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने श्रद्धय गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभा सदस्य ज्यूहरु, विषयगत समितिहरु, वडा समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु।

साथै, गेरुवाबासी आदरणीय सम्पूर्ण आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरुलाई **"समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवा बासी"** अभियानमा एकजुट हुन आव्हान गर्दै हार्दिक श्रद्धाभावका साथ आभार प्रकट गर्दछु।

धन्यवाद।

लक्ष्मी कुमारी चौधरी

उपाध्यक्ष

गेरुवा गाउँपालिका, बर्दिया।